दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक २१२ | बुटवल | २०८२ साउन १२ गते, सोमबार | नेपाल संवत ११४५ | Monday July. 28, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

**भू-संरक्षण गरौं।**

**भू-संरक्षणका उपायहरू:**
-गोरेटो बाटो बनाउँदा सिढी बनाऔं,
-खेती गर्दा गहरा बनाइ गरौं,
-भूक्षय रोक्ने रुख, घाँस (अम्रिसो, बाँस) जस्ता बोटविरुवा रोपौं,
-बिना अनुमति गिट्टी, बालुवा, माटो, ढुङ्गा उत्खनन नगरौं,
-सकेसम्म माटोमा रासायनिक मलको प्रयोग नगरौं.
-पानी संरक्षणका उपायहरू अपनाऔं,
-स्थानीय जैविक खेती, कृषि वन विधि अपनाऔं।
'माटो बचाऔं, भविष्य जोगाऔं।'

**नेपाल सरकार विज्ञापन बोर्ड**

# मलखादमा सास्ती भएपछि सडकमा उत्रिए किसान

**मल किनेर ल्याउँदा सीमामा प्रहरीको लाठी खानुपरेको किसानको गुनासो छ।**




**मोहम्मद हबिब**
*भैरहवा*

कृषि प्रधान देशमा मलखादको लागि सास्ती खेप्नु परेको भन्दै रुपन्देहीको रोहिणीवासीले खबरदारीसभा गरेका छन् । किसान, युवा, बुद्धिजीविलगायतले रोहिणी-३ बैकुण्ठपुर चौराहामा विभिन्न मागहरु राख्दै खबरदारीसभा गरेका हुन् ।

किसानको लागि मलखाद उपलब्ध गराऊ, ट्राफिक प्रहरीको जबरजस्ती बन्द गर, इलाका प्रहरी कार्यालय धकधईको मनोमानी बन्द गरलगायतका नाराहरु लगाउँदै किसानलाई मलको लागि सास्ती खेप्नुपरेपछि सभा गरिएको रोहिणी गाउँपालिकाका निवर्तमान प्रवक्ता सरोजकुमार पाण्डेले बताए ।

अन्न उब्जाउन चाहिने मलखाद किनेर ल्याउँदा पुलिस प्रशासनले ज्यादति गरेको भन्दै सहज रुपमा किसानहरुलाई मल उपलब्ध गराउनु पर्ने माग उनले राखे । भारतमा २८० रुपैयाँ बोरा पर्ने मल नेपाल ल्याउँदा प्रहरीले दुःख दिएकोले बाध्य भएर दुई हजार रुपैयाँसम्म तिर्न परेको पाण्डेले बताए ।

सभामा बोल्दै अनिरुद्र सहानी, बृजेशकुमार पाण्डे, हाजी सब्बीर मुखिया, गोबिन्द राज पाण्डे, विकास रायमाझी, सेराज अहमद खाँनलगायतले गोदाममा मल संचित हुँदा पनि किसानलाई मल नदिएको बताए । किसानको पीडा कसैले बुझ्न नसक्ने बताउँदै नेतालाई फोन गरेर मल लिनुपर्ने अवस्था सृजना भएको बताए ।

सिमाको रक्षा वर्षौंदेखि मधेसी समुदायले गर्दै आए पनि अहिलेको अवस्थामा मधेशी किसानहरुलाई कृषि पेशा छोड्न बाध्य बनाइएको उनीहरुको दाबी छ । मललाई लागुऔषध जस्तै व्यवहार सीमामा प्रहरीले गरेको किसानको आरोप छ ।

जतातते बेथिति छ, स्थानीय सरकार, शिक्षा, स्वास्थ्य, कृषि सबै ठाउँमा व्यक्तिवाद र भ्रष्टाचारले लादिएको बताउँदै किसानले लाठी खाएर खेती गर्नुपर्ने, तस्करीको आरोप पनि किसानमाथि लागेकोले बाध्य भएर खबरदारीसभा आयोजना गरेको स्थानीय युवा इन्द्र आजादले बताए । हामीले जनदबाब कार्यक्रम आयोजना गरेका हौं, यसबाट सचेत भएनन् भने थप आन्दोलनको योजनामा रहेको उनले जनाए । किसानको समस्या स्थानीय सरकारले नसुनेको बताउँदै आजादले जनप्रतिनिधिले जनताको मत लिएर जिते पनि मतदाताको आवाज नसुनेको आरोप लगाए ।

स्थानीय सरकारको व्यक्तिवादी व्यवहारले अनुदानको मल सबै आसेपासेले पाएका र किसानले नपाएको उनको दाबी छ । तस्करीको नाममा मलखाद नरोक्न उनले आग्रह गरे ।

अर्का नेता महेन्द्र यादवले किसानको समस्या लिएर जागरुक बनाउने काम भएको बताए । सधैं खेतीपातीको समयमा मल अभावको समस्या आउने गरेको बताउँदै यादवले कमिशनको चक्करमा अनुदानको मल समयमा नआएको आरोप लगाए । स्थानीय प्रशासनलाई दिएको निर्देशनले जनताले दुःख पाएको उनले बताए ।

# लोसपाका सन्तोष मन्त्री नियुक्त, आज शपथ



बुटवल । लुम्बिनी प्रदेशमा लोकतान्त्रिक समाजवादी पार्टीका सांसद सन्तोष पाण्डे मन्त्री नियुक्त भएका छन् । उनलाई मुख्यमन्त्री चेतनारायण आचार्यले युवा तथा खेलकुद मन्त्री नियुक्त गरेका हुन् । उनको शपथग्रहण आज सोमबार दिउँसो ३ बजे हुने भएको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले पाण्डेलाई मन्त्री नियुक्त गरेको जानकारी आइतबार इमेलमार्फत् प्रदेश प्रमुखको कार्यालयलाई गराइसकेको र प्रदेश प्रमुखको कार्यालयबाट सोमबार दिउँसो ३ बजे सपथ ग्रहण कार्यक्रम तय भएको आर्थिक मामिला तथा योजना मन्त्री धनेन्द्र कार्कीले जानकारी दिए ।

पाण्डेको दल प्रदेश सरकारको बजेटमाथि छलफल भइरहेका बेला एकाएक सरकारलाई दिएको समर्थन फिर्ता लिएर प्रतिपक्षमा गएको थियो । तीन सांसद रहेको लोसपामा उनी संसदीय दलका नेता थिए । ११ सदस्यीय मन्त्रिमण्डल रहेकोमा युवा तथा खेलकुद मन्त्रालयको जिम्मेवारी मुख्यमन्त्री चेतनारायण आचार्यले नै सम्हालेका थिए । अहिलेको मन्त्रिमण्डलमा मुख्यमन्त्रीसहित ५ जना मन्त्री एमालेबाट, ५ जना कांग्रेसबाट र जसपाबाट एकजना मन्त्री थिए । अब १२ जना मन्त्री भएका छन् । पाण्डेलाई सत्तालोलुप नेताका रुपमा अन्य दलका नेताहरुले परिभाषित गर्छन् ।

# अख्तियार प्रमुख राईविरुद्ध अख्तियारमा उजुरी, महाभियोग लगाउन माग

बुटवल । तीन विवादास्पद अनियमितता र भ्रष्टाचारमा मुछिएका अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईमाथि अनुसन्धान हुनुपर्ने माग गर्दै अख्तियारमै उजुरी दर्ता भएको छ ।

सिन्धुली कमलामाईका युवराज पौडेलले राईमाथि अनुसन्धान गर्नुपर्ने माग राखी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयमा आइतबार उजुरी दर्ता गरेका हुन् । उनीविरुद्धको उजुरी 'सी-००३४९८' नम्बरमा दर्ता भएको छ ।

पौडेलले राईमाथि वाइडबडी विमान खरिद अनियमितता, नेपाल आयल निगमको जग्गा खरिद अनियमितता अनि नक्कली भुटानी शरणार्थी प्रकरणका आरोपितहरुले राईको गाडीमा पैसा हालिदिएको विषयमा छानविन गरी कारबाहीको माग गरेका हुन् ।

गतसाता विशेष अदालतले वाइडबडी विमान खरिद भ्रष्टाचार मुद्दाको पूर्णपाठमा दूषित कामकारबाहीको शुरुवाती निर्णयकर्तामाथि नै अनुसन्धान नभएको र मुद्दा चलाउने क्रममा केहीलाई छान्ने र केहीलाई छाड्ने गरी चयनपूर्ण अभियोजन भएको भनी न्यायिक टिप्पणी गरेको थियो ।

पौडेलले उजुरीमा भनेका छन्-'अख्तियारका प्रमुख आयुक्तको जिम्मेवारीमा रहेका प्रेमकुमार राईमाथि तत्काल पुरक अभियोग पत्रमार्फत् मुद्दा दायर गरी हदैसम्मको कारबाही गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई आग्रह गर्दै उजुरी पेश गरेको छु ।'

उनले त्यसबाहेक नेपाल आयल निगमको जग्गा खरिद प्रकरणको पनि अनुसन्धान हुनुपर्ने माग गरेका छन् । जग्गा खरिदको निर्णय गर्दा पनि आपूर्ति मन्त्रालयको सचिवको रुपमा राई नै नेपाल आयल निगमको सञ्चालक समितिको अध्यक्ष थिए । आयल निगमका तत्कालीन कार्यकारी निर्देशक गोपाल खड्कामाथि मुद्दा चलाएर राईलाई उन्मुक्ति दिइएको भन्दै पौडेलले तामेलीमा राखिएको फाइलमाथि फेरि अनुसन्धान हुनुपर्ने माग गरेका छन् ।

त्यसैगरी नक्कली भुटानी शरणार्थी प्रकरणका केही आरोपितहरुले आफूहरुले तत्कालीन गृहसचिव प्रेमकुमार राईको गाडीमा नगद राखिदिएको भनी बयान गरेका थिए । तर प्रहरीले अख्तियार प्रमुख राईमाथि कुनै अनुसन्धान गरेन । उजुरीकर्ता पौडेलले त्यो घटनामा पनि अख्तियार प्रमुख राईमाथि अनुसन्धान हुनुपर्ने माग गरेका छन् ।

यसैबिच नेपाली कांग्रेसकी सांसद कमला पन्तले दुईवटा वाइडबडी विमान खरिद प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले निर्णय प्रक्रियामा संलग्न आफ्ना प्रमुख आयुक्त प्रेमकुमार राईमाथि अभियोजन नगरेकोमा विशेष अदालतले प्रश्न उठाएको उल्लेख गर्दै उनीमाथि महाअभियोग लगाउन माग गरेकी छन् ।

# देवीको ट्याक्सीमा किन चढे अर्थमन्त्री ?

**दुई महिनादेखि व्यवसायिक ट्याक्सी चालक बनेकी महिला नेतृ देवी वाग्लेले दुई वर्षभित्र लुम्बिनी प्रदेशमा कम्तीमा २५ जना नयाँ महिला ट्याक्सी चालक उत्पादन गर्ने लक्ष्य राखेकी छन् ।**




**टिआर शर्मा**
*बुटवल*

नेकपा एमाले रुपन्देहीकी पूर्व सचिवालय सदस्य महिला नेतृ देवी वाग्ले राजनीति छाडेर अहिले ट्याक्सी चालक बनेकी छन् । यसअघि उनले रुपन्देहीमै फूल (पुष्प) खेती गर्ने पहिलो महिला किसानको पहिचान बनाएकी थिइन् । १२ वर्षदेखि चढ्दै आएको पेट्रोलबाट चल्ने कार बेचेर विद्युतीय कार किनेर दुई महिनादेखि व्यवसायिक चालक बनेकी वाग्लेको यो नयाँ कामबारे एमाले उपाध्यक्ष एवं अर्थमन्त्री विष्णु पौडेल जानकार रहेछन् । आफ्नो निर्वाचन क्षेत्र रुपन्देहीमा तीन दिने कार्यक्रममा आएका पौडेलले वाग्लेलाई फोन गरेर उनको ट्याक्सीमा चढ्न चाहेको बताएअनुसार आइतबार बिहान ७ बजे नै वाग्ले बुटवलको मिलनचोकस्थित ड्रिम होटेल अगाडि आइपुगिन् ।

अर्थमन्त्री होटेलबाट निस्केर ट्याक्सीमा चढे । उनको सरकारी गाडी ट्याक्सीको पछिपछि गुड्यो ।

ट्याक्सी चढेपछि पत्रकारहरुसँग बोल्दै अर्थमन्त्रीले राजनीतिक पहिचान समेत बनाएकी महिला नेतृले व्यवसायिकरुपमा ट्याक्सी चलाउनु अरु महिला र युवाका लागि प्रेरणाको विषय भएको बताए । इन्धनबाट चल्ने गाडीले प्रदूषण र व्यापार घाटा बढाइरहेको सन्दर्भमा देवीले विद्युतीय गाडी ट्याक्सी चलाएकोमा धन्यवाद र बधाईसँगै हौसला दिन पनि उनको ट्याक्सीमा चढ्न चाहेको पौडेलले खुलाए ।

'देवी वाग्लेलाई हौसला दिन र कुनै पनि काम सानो-ठूलो हुँदैन भन्ने आम महिला र युवामा सन्देश दिन उहाँको ट्याक्सी चढ्न बोलाएको हुँ,' पौडेलले भने-'नेपाली समाजमा अझै पनि पुरुषले गर्ने कतिपय काम महिलाले सुरु गर्दा अविश्वास गर्ने, प्रोत्साहन नगर्ने परिपाटी छ, त्यसलाई अन्त्य गर्दै आफूसँग भएको सीपलाई आयआर्जनसँग जोड्नु राम्रो हो ।'

अर्थमन्त्री पौडेललाई वाग्लेले होटेलबाट करिब दुई किलोमिटर पश्चिम सुन्दरनगर पुऱ्याएर छाडिन् । अर्थमन्त्रीले टिप्ससहित भाडा दिएको वाग्लले सुनाइन् ।

अर्थमन्त्रीले आफैं फोन गरेर आफ्नो ट्याक्सी चढेकोमा खुशी देखिएकी वाग्लेले भनिन्-'महिला भएकै कारण केही यात्रुले बुक गरेको ड्राइभ क्यान्सिल गरेका थिए, त्यसले मन दुखेको थियो, आज अर्थमन्त्री ज्यू चढेर राम्रो गर्नुभएको छ भने अघि बढ्न हौसला पनि मिलेको छ ।'

वाग्लेले दुई वर्षभित्र लुम्बिनी प्रदेशमा कम्तीमा २५ जना नयाँ महिला ट्याक्सी चालक उत्पादन गर्ने लक्ष्य रहेको बताइन् । '१० वर्षअघि रुपन्देहीमा महिलाले फूल (पुष्प) खेती गरौं भन्दा सुरुमा कसैले पत्याएनन्, म आफैंले सुरु गरेपछि रुपन्देहीमा दर्जनौं महिला व्यवसायिक पुष्प खेतीमा आबद्ध छन्,' वाग्लेले भनिन्-'अब आफैं ट्याक्सी चलाएर देखाएर दुई वर्षमा कम्तीमा २५ जना महिला ट्याक्सी चालक उत्पादन गर्ने लक्ष्य छ ।'

वाग्लेले ८ वर्षअघि नै महिलाहरुलाई ड्राइभिङ तालिम दिनुपर्छ भनेर स्थानीय तहहरुमा लबिङ गरेको र महिलाले तालिम लिए पनि ट्याक्सी खरिद गर्न नसक्दा चालक बन्न नसकेको बताइन् । तर अहिले विभिन्न ई ड्राइभ कम्पनी खुलेकाले लाइसेन्स भएका महिलाले सजिलै काम पाउने वाग्लेले बताइन् ।

'अधिकारका कुरा गर्दा हरेक क्षेत्रमा आधा हिस्सा खोज्ने महिलाहरुले विभिन्न प्रकृतिका पेशा र काममा पनि पुरुषसँग प्रतिस्पर्धा गर्न सक्नुपर्छ, सकिन्छ भन्ने मेरो मान्यता हो,' वाग्लेले भन्छिन्-'ड्राइभिङ तालिमपछि लाइसेन्स लिने महिला पुरुषहरु खाली बस्नुपर्दैन, सके आफैं ट्याक्सी किनेर नभए अरुको भाडामा लिएर चलाउन पाइन्छ, आम्दानी पनि राम्रो हुन्छ ।'

वाग्लेले दैनिक औसत ५-७ हजार आम्दानी हुने गरेको बताइन् । आफू जीविकोपार्जनका लागि नभई अरु महिलालाई उत्प्रेरित गर्नका लागि ट्याक्सी चालक बनेको वाग्लेको भनाइ छ ।

**यातायात व्यवस्था सेवा कार्यालय भैरहवाको अनुरोध**

- समयमै कर तिरौं।
- जरिवानाबाट बचौं।

- समयमै सवारीसाधनको कर तिर्ने बानी बसालौं, जरिवानाबाट बचाऔं।
- बर्खायाम सुरु भैरहेकोले यात्रा गर्दा सतर्क बनौँ, पहिरो र बाढीको जोखिमबाट बचौँ।
- निर्माणधिन सडकमा संकेत पालना गरौं , दुर्घटना हुनबाट जोगिऔं।
- ओभरलोड नगरौं, सडक र सवारी दिबै जोगाऔं।
- सवारी साधन चलाउदा मादक पदार्थ सेवन नगरौं।
- सडकमा पानी जमेको ठाउँ पार गर्दा गति घटाऔँ, सवारी र जीवन दुबै जोगाऔँ।
- बर्खामा सडक भासिने सम्भावना बढी हुन्छ - चिन्ह र चेतावनी पालना गरौँ।
- बाढी आएको सडक पार गर्न नखोजौं - गहिराइ अनुमानभन्दा गम्भीर हुन सक्छ।
- गाडी र मोटरसाइकलको ब्रेक, टायर र लाइट पहिले जाँचौं, पछि पछुताउनु नपरोस्।
- सडक समस्या देख्ना साथ सडक डिभिजनलाई जानकारी गराऔँ
- तपाईंको सूचना, सबैको सुरक्षा।

**यातायात व्यवस्था सेवा कार्यालय**
भैरहवा, रुपन्देही

२०८२ साउन १२ गते सोमबार
Monday July 28, 2025
दैनिक लुम्बिनी

## सम्पादकीय

# तराईलाई मरूभूमि हुनबाट जोगाऊ

प्रधानमन्त्री केपी शर्मा ओलीले सुख्खाग्रस्त मधेशको भ्रमण गरेपछि तत्काल पाँच सय बोरिङ गाड्ने घोषणा गरेका छन् । संकटमा परेको मधेसका लागि पानी उपलब्ध गराउन गरेको यो घोषणा सकारात्मक छ । तर सरकारले मधेसमा भइरहेको पानीको संकटका बारेमा दीर्घकालीन योजना रणनीति बनाएर अघि बढ्नुपर्ने पाठ यो वर्षको खडेरीले दिएको छ ।

विपद् संकटग्रस्त क्षेत्र मधेस प्रदेशका विभिन्न जिल्लामा चैत्रयता सिँचाइका लागि ३ सय वटा डिप बोरिङ खनिएको स्थलगत अध्ययन टोलीले प्रतिवेदन बुझाएको छ । ती बोरिङको प्रभावकारिता कमजोर भएको प्रतिवेदनमा उल्लेख छ । अझ बोरिङ सञ्चालनका लागि राखिएका ५० ट्रान्सफरमर चोरी भएको पाइएको छ । यो हिसाबले बोरिङ सञ्चालनको लागि त्यहाँ रहेको सुरक्षामा पनि समस्या देखियो । चोरी नियन्त्रण र रोकथामका लागि प्रहरीलाई समुदायले नसघाउने हो भने बोरिङ सञ्चालन हुने देखिएन् । खडेरीले पर्याप्त रोपाइँ हुन नसकेको र रोपेको धान जोगाउन धौ धौ भइरहेको र खानेपानीको समेत चरम संकट भएपछि सरकारले मधेसलाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गरेको छ ।

वर्षा नहुँदा कुलो र नहरमा समेत पानी नचल्ने समस्या एकातिर छँदैछ, अर्कोतिर भूमिगत पानीको स्रोत पनि नासिएको छ । मनपरी चुरेको दोहनले मधेसमा समस्या आउन सक्छ भनेर विज्ञले डेढ दशकअघि नै चेतावनी दिएका थिए । उनीहरुले दिएको चेतावनीलाई ख्याल गर्दै तत्कालीन राष्ट्रपति डा. रामबरण यादवले मधेसलाई मरुभूमि हुनबाट जोगाउन पटक-पटक सरकारको ध्यानाकर्षण गरेका थिए । त्यसपछि सरकारले राष्ट्रपति चुरे तराई मधेस संरक्षण कार्यक्रम अघि बढाएको थियो । यद्यपी यो कार्यक्रमको प्रभावकारिता र औचित्यमाथि प्रश्न खडा भएको छ ।

चुरे दोहनले पूर्वदेखि पश्चिमसम्मको तराई मधेसको भविष्य जोखिममा परेका बेला सरकारले संरक्षणमुखी कार्यक्रम ल्याउन आवश्यक छ । बोरिङ जोडेर तत्कालका लागि समस्या होला तर दीगो समाधानको उपाय होइन्, तराईमा पानीको भण्डारण गर्न ठूला पोखरी निर्माण गर्न आवश्यक छ । मनपरी बोरिङ गाड्ने र पानी निकाल्ने गर्दा पनि भूमिगत पानीको भण्डार नासिने भएकाले अध्ययन गरी निकाल्नुपर्छ । सुनकोशी-मरिन डाइभर्सन अघि बढाएकोले छिटो पूरा गर्न सक्दा मध्य तराईको पानीको संकट समाधानको बाटो खुल्न सक्छ । यो आयोजनाको काम द्रुत भइरहेको छ । कतिपय समस्यालाई समाधान गर्दै तोकिएको समयमा सक्नका लागि प्राथमिकता दिँदा मधेसप्रति न्याय हुनेछ ।

# सिमाना बाहिर रहेको नेपाली वीरताको किल्ला



गोपी ज्ञवाली




नेपालीहरुले वीरताको कुरा गर्दा बलभद्र कुँवर र नालापानी किल्लाको लडाइँ र त्यसको विरताको विषय नेपालीलाई सहजै गर्भका साथ सम्फना आउँछ । अंग्रेजी फौजसँग नालापानी किल्लामा भएको भिषण लडाइँ लडेको त्यो स्थल कहाँ होला र अहिले त्यस स्थानको अवस्था के होला भन्ने विषय सबैको चासोका विषय हुन सक्दछ । धेरै नेपालीहरुलाई थाहा पनि नहुन सक्दछ कि त्यो ऐतिहासिक स्थल कहाँ छ ? ब्रिटिश शासनको साम्राज्य विश्व भरि फैलिएको मध्य अवस्था आज भन्दा २ सय ६८ वर्ष पहिला भएको नेपाल अंग्रेज युद्धको त्यो स्थान नेपालको सिमाना भन्दा बाहिर रहेको कुरा कति नेपालीहरुलाई थाहा छैन होला ।

नेपालले गर्व गर्ने त्यो लडाईको स्थान नालापानी किल्ला भारतको उत्तराखण्डको देहरादुनमा रहेको छ । नेपालीको वीरताको प्रतिक नालापानी किल्ला सुगौली सन्धिपछि भारतीय भू-भागमा पर्न गएको हो । देहरादुनको मुख्य बजार देखी करिब ७ किलोमिटरको उत्तरपूर्वको पहाडी टापु रहेको छ । अंग्रेज सेनालाई हराएर नेपाली सेनाले कृतिमानी कामय गरेको नालापानी किल्ला अहिले सामान्य कम्पाउन्ड वाल लगाएर राखिएको भए पनि यसको ऐतिहासिकता झल्कने खालका पुराना स्थान एवं वस्तुहरुको संरक्षण हुन सकेको छैन ।

नेपाली संघर्षको इतिहासमा अत्यन्तै गौरवको विषयको रुपमा रहेको नालापानी किल्ला भौगोलिक हिसाबले भारतीय भू-भागमा रहेकोले यसको संरक्षणको दायित्व नेपालको हुने कि भारतको भन्ने विषय अस्पष्ट हुँदा नालापानी किल्ला संरक्षणको अभाव देखिएको छ । वर्तमान भारतको स्थापना हुनु पूर्व नै भएको त्यो ऐतिहासिक युद्ध पश्चिम नेपालको महत्वपूर्ण एउटा किल्ला थियो । सुगौली सन्धिपछि त्यो स्थान भारतमा पर्न गएको हो ।

नेपाली फौजको गौरवपूर्ण इतिहास बोकेको त्यो स्थानमा भारत सरकारको लगानीमा सामान्य नालापानी किल्ला प्रवेश गेट, त्यो स्थानमा पुग्ने बाटो र केही सामान्य संरचनाहरु बनेको भए पनि त्यसका अनेकन ऐतिहासिक बस्तुहरुको संरक्षण, थप अध्ययन अनुसन्धान, कसको जिम्मेवारी हुने भन्ने विषय स्पष्ट हुन नसक्दा यो ओझेलमा परेको छ ।

भारतमा बस्ने नेपाली भाषीहरु र सामाजिक संघसंस्थाहरुको पहलमा नालापानी किल्लाको माथिल्लो भागमा कम्पाउन्डवाल बनाएर एउटा स्तम्भ बनाइएको छ । स्तम्भको तल्लो भागमा एउटा मार्वलको शिलामा अंग्रेजी भाषामा नालापानीको सामान्य परिचय लेखिएको भए पनि वीरताको इतिहास झल्कने अन्य कुनै बस्तु वा लिपिबद्ध गरीको कुनै दस्ताबेज वा संरचना रहेको छैन ।

स्तम्भ बनाइएको किल्लाको चारैतर्फ बाक्लो जंगल रहेको छ । युद्धका बेलामा अंग्रेजहरुले किल्लाको माथिल्लो भागमा बमबारी गरेका कतिपय स्थानमा फुटेका ढुंगाहरु, पानीको मुहान, किल्लामा ल्याइएको पानीको कुलो, तल्लो मैदानी भागमा बेस बनाएर अंग्रेजहरुले गरेको आक्रमणका स्थानहरु क्रमशः अतिक्रमित हुँदै गएका छन् । यो क्षेत्रलाई केन्द्र बनाएर नालापानीको युद्धको संग्रहालय बनाउन सकिने अवस्था रहे पनि यो काम भारत सरकारले गर्ने वा नेपालले गर्ने वा दुबै सरकारको संयुक्त योजनामा बन्ने भन्ने विषयमा कुटनैतिक रुपमा पहल हुन सकेको छैन ।

नालापानीमा लडेको नेपाली सेनाको शाहसिक युद्धका कारण नै तत्कालिन विश्व साम्राज्य कायम गरेको ब्रिटिस सरकारले गोरखा (नेपालीहरु) लाई शाहसीका प्रतिकका रुपमा सम्मान गर्न थालेको इतिहास छ ।

पछिल्लो केही वर्षदेखि नेपाली सेनाले देशभित्रका एतिहासिक गढि र किल्लाहरुको खोजी गरी संरक्षण गर्ने काम सुरु गरेको भए पनि नालापानी किल्लाको संरक्षणको विषयमा कुनै योजना बनाएको पाइएको छैन । देहरादुन एवं उत्तराखण्ड क्षेत्रमा भएका नेपालीहरुका केही सामाजिक संघसंस्थाहरु केही अगुवा नेपालीहरुको तत्पर्तामा हर वर्ष नोभेम्बर महिनामा खलंगा (नालपानी युद्ध स्मृति) दिवस मनाउने गरेका छन् । अहिलेसम्म नेपाल सरकारको तर्फबाट यसलाई प्रवर्धन वा अध्ययन अनुसन्धानको कुनै पनि योजना बनाएको पाइएको पाइदैन । नेपालबाट पछि गएर बसेका नेपालीहरु एवं पहिलादेखि नै बसोबास गर्दै आएका नेपाली भाषी मानिसहरुका सामाजिक संघसंस्था जस्तै वीर गोरखा कल्याण समिति, गोरखा शोसलिस्ट कल्चर फाउन्डेशन, बलभद्र खलंगा विकास समिति, गोरखा डेमोक्रेटिक फ्रन्ट जस्ता सामाजिक संस्थाहरुको अगुवाइमा नालापानीको किल्लामा नालापानी स्मृति स्तम्भ बनाइएको छ ।

नेपाल सरकार पर्यटन मन्त्रालयले बनारसमा रहेको पशुपतिनाथ मन्दिरको संरक्षणका लागि भन्दै कतिपय आर्थिक वर्षहरुमा बजेट विनियोजन गर्ने गरेको छ भने भारत सरकारले पनि नेपालमा भारतीय दूतावासमार्फत् भारतीय भाषा, संस्कृति संरक्षणलागायतका कामका लागि भन्दै नेपालमा ठूलो रकम खर्च गर्ने गरी बजेट छुट्याउने प्रचलन रहेको भए पनि ऐतिहासिक नालापानीमा कसैको ध्यान पुग्न सकेको छैन । नेपालीको ऐतिहासिक वीरताको प्रतिक नालापानी किल्ला अहिले सिमांकनको हिसाबले भारतमा भए पनि हाम्रो इतिहासको किल्ला संरक्षणका लागि नेपाल सरकाले पहलकदमी लिनु पर्ने हो तर त्यसो हुन सकेको छैन ।

नालापानी किल्लादेखि करिब ४ किलोमिटर पश्चिमको मैदानी भागमा सहस्रधारा जाने बाटोमा रहेको खलंगा स्भारकमा अंग्रेजहरुले नेपालीको वीरतालाई सम्मान गर्दै शिला लेख स्थापना गरेका छन् । त्यो शिलालेखमा अंग्रेज सेनाले गोरखा सेनालाई वीर दुश्मन भन्दै बलभद्र कुँवरको सम्मानमा शिलापटट लेखेको प्रमाण रहेको छ ।

लेखेको स्मारकमा बलभद्र कुँवरको नाम बलभद्र थापा लेखेको छ । त्यो लिखत सुधार्न समेत भारत सरकारसँग नेपालले गर्नु पर्ने पहलकदमी पुगेको छैन । देहरादुनमा मात्रै झण्डै १० लाख नेपाली भाषी नेपालीहरुको बसोबास रहेको भए पनि नेपालीहरु राज्यको निर्णायक स्थानमा नहुँदा नलापानी (खलंगा) किल्लाको अध्ययन, अनुसन्धान तथा संरक्षणको कामले तिब्रता पाउन सकेको छैन । नेपालले भारत सरकारसंग कुटनैतिक छलफल गरेर नालापानी क्षेत्रलाई संरक्षण गर्दै युद्ध संग्रहालय निर्माणका लागि पहल गर्दा भारत सरकारको तर्फदेखि नै नालापानी क्षेत्रको संरक्षणको काम हुन सक्ने सम्भावना प्रवल रहेको छ । सन १८१४ मा नालापानी किल्लामा ठूलो शक्तिका साथ आधुनिक हातहतियार सहितका अंग्रेज फौजले नालापानी किल्लामा आक्रमण गरेका थिए । बलभद्र कुँवर नेतृत्वको नेपाली सेनाले वेलायती फौजको कडा प्रतिवाद गरेको थियो । ठूलो र आधुनिक हतियार सहित आक्रमण गरेको अंग्रेज सेना दुई पटकसम्म नराम्रोसंग हार खाएर फर्केका थिए ।

अंग्रेजी सेनापति मेजर जनरल रोवर्ट रोलो जिलेस्पीको नेतृत्वमा आएको अंग्रेज सेनाले बलभद्र नेतृत्वका सेनामा माथि आक्रमण गरेको थियो । किल्लामा गोलाबारुद र आधुनिक हतियारसहित आएको अंग्रेज सेनाले किल्लामा आक्रमण गर्दा नेपाली सेनाले खुकुरी, धनुषबाँण, ढुंगामुढासहित धराईसी हतियारको बलमा दुश्मन सेनालाई ठूलो क्षति पुऱ्याएका थिए ।

ठूलो तयारीका साथ तीन पटकसम्म आक्रमण गर्दा पनि अंग्रेजी सेनाले नालापानी किल्ला कब्जा गर्न नसके पछि चौथो पटक नालापानी किल्लामा जाने खानेपानीको मुहान बन्द गरीदिएर मात्र नालापानी किल्ला कब्जा गर्ने सफल भएको थियो । यस युद्धका दौरानमा ३५ सय सेना लिएर आएको अंग्रेजी सेनाका ८ सय सेनाहरुसहित सेनापति मेजर जनरल जिलेप्सी नालापानी किल्लामा मारिएका थिए । नेपालको तर्फबाट बलभद्रको नेतृत्वमा नेपाली सेना महिला र केटाकेटी समेत यो युद्धमा वीरताका साथ लडेका थिए ।

अंग्रेजी सेनाले नालापानी किल्लामा पानीको मुहान बन्द गरी मुहान कब्जा गरेपछि पानीको अभावमा बलभद्र कुँवर नेतृत्वको नेपाली सेनाले नालापानी किल्लामा लड्न फेरि आउने छौं भन्दै ७० सैनिक लिएर किल्लाबाट बाहिरीएका थिए ।

पानीको अभावका कारण नेपाली सेनाले नालापानी किल्ला छाडेपछि किल्ला अंग्रेज सेनाले बल्ल किल्ला नियन्त्रणमा लिएको थियो ।

त्यसपछि भारतीय अंग्रेज सरकार र नेपालबिच सन १८१६ मा सुगौली सन्धि भएपछि नेपालको नालापानी किल्लासहितको ठूलो भू-भाग नेपालबाट अलगिन पुगेको थियो । नालापानीमा वीरताको इतिहास बनाएर नालापानीबाट बाहिरिएका बलभद्र कुँवर अंग्रेजी सेनाको विरुद्ध लड्नु पर्दछ भन्दै फेरि पञ्जावका राजा रणजीत सिंहको सेनामा भर्ती भएका थिए ।

पञ्जावका राजा रणजीत सिंहको तर्फबाट अंग्रेजसँग लड्दालड्दै १८२४ मा अफगानीस्तानमा बलभद्र कुँवर मारिएका थिए । बलभद्र कुँवरका बुबा चन्द्रवीर कुँवर सेनाको माथिल्लो ओहोदामा थिए । त्यस कारणले अमरसिंह थापाले दरबारमा पत्र लेखेर पठाएपछि बलभद्र कुँवरलाई कप्तानीको जिम्मा दिइएको थियो । १८१३ सालमा बलभद्र कुँवरलाई नालापानी किल्लाको सुरक्षाको जिम्मा दिई त्यता पठाइएको थियो ।

नेपाल र अंग्रेजबिच सन् १८१६ सालको अक्टोबर नोभेम्बरसम्म नालापानीमा युद्ध चलेको थियो । नालापानी युद्ध नै नेपाल र अंग्रेजकोबिचको अन्तिम युद्ध थियो । युद्धपछि तात्कालिन इष्ट इण्डिया कम्पनी सरकार (भारतीय अंग्रेज सरकार) ले नालापानी किल्लामा मारिएका आफ्ना सेनापति जनरल जिलेस्पी र नेपाली कमाण्डर वीर योद्धा बलभद्र कुँवरको सम्मानमा दुई वटा स्तम्भ (स्मारक) बनाएको थियो । स्तम्भमा राखिएको शिलामा अंग्रेज सरकारले नेपाली सेनालाई 'विर शत्रु' भनेर सम्मान गरेको शिला लेख आज पनि खलङ्गा स्मारकमा लेखिएको छ । अंग्रेजहरुले नेपाली सेना र बलभद्र कुँवरको मुक्त कण्ठले प्रशंसा गरेर लेखेका थिए । यी स्तम्भ रहेका स्थानलाई भारत सरकारको पुरातत्व विभागले संरक्षण गरेर राखेको छ ।

# जलवायु परिवर्तनका कारण स्वास्थ्यमा देखिने असर र हाम्रो भूमिका

निर्मला ओझा



जलवायु परिवर्तन कुनै टाढाको वैज्ञानिक समाचार होइन, न त बेवास्ता गर्न मिल्ने पुरानो फेसन । म अहिले पब्लिक हेल्थ अध्ययन गर्दैछु । दिनदिनै रोग, अस्पताल र प्रणालीबारे पढिरहेको छु । तर जति पढ्दै जान्छु, उति नै एउटा कुरा मनमा गहिरिँदै जान्छ, जलवायु परिवर्तन । यसले हाम्रो स्वास्थ्यमा यति चुपचाप असर गरिरहेको छ कि धेरैलाई थाहा पनि छैन ।

वातावरण टाढाको कुरा होइन, यो त हामीसँगै छ । हामीले सास फेर्ने हावा, पिउने पानी, खाने अन्न, सबैमा यसको असर देखिन थालिसकेको छ । मौसम अनिश्चित बन्दै गएको छ, बाली नष्ट हुँदैछन्, र यसको असर हाम्रो शरीरमा पनि देखिन थालेको छ ।

**स्वास्थ्यसम्बन्धी समस्या जसबारे धेरैले कुरा नै गर्दैनन्**

प्रायः जब कसैले 'जलवायु परिवर्तन' भन्छ, तब मानिसको दिमागमा हिमाल पग्लिरहेको छ वा समुद्री सतह बढ्दैछ भन्ने चित्र आउँछ ।

तर यो यती टाढाको कुरा मात्र होइन,नेपालमै देखिन थालेको जल्दोबल्दो समस्या हो ।

विश्व स्वास्थ्य संगठनको भनाइ छ, जलवायु परिवर्तनका कारण हरेक वर्ष थप २,५०,००० मानिसको मृत्यु हुन सक्छ, गर्मी, कुपोषण, मलेरिया, झाडापखालालगायतका रोगका कारण । यी रोगहरु पनि जलवायु परिवर्तनकै परिणाम हुन् भनेर धेरै जना अज्ञात नै छन् । नेपालमै हेर्ने हो भने, मलेरिया र डेङ्गु जस्ता रोगहरू पहिलेको तुलनामा, अहिले धेरै देखिन थालेका छन्, कारण के हो भन्दा, बढ्दो तापक्रम र बदलिंदो वर्षा प्रणाली ।

बाढीपहिरोले खानेपानी फोहर बनाउँछ, जसले झाडापखालाको प्रकोप फैलाउँछ । सबैभन्दा धेरै असर त गरिब, बच्चा, वृद्ध र पहिले नै बिरामी भएका व्यक्तिलाई पर्छ । किनभने उनीहरूसँग निको हुने स्रोत र समय कम हुन्छ ।

मैले आफैँ बाढीपछि सफा पानी खोज्दै घण्टौं हिँडेका परिवारहरू देखेकी छु । भीडभाडमा बस्नुपर्छ, जहाँ रोग छिट्टै फैलिन्छ । यी कुनै तथ्यांक होइनन्,यथार्थ मानिसहरू हुन् । यदि हामीले प्रकृतिलाई हानि पुऱ्याउँछौं भने, यसले हामीलाई उल्टै हानि पुऱ्याउँछ । जब हामी वन फडानी गर्छौं, खोला प्रदूषित पार्छौं, माटोको उर्वराशक्ति घटाउँछौं ,त्यसको असर अन्ततः हामीमै फर्किन्छ । वनहरूले मौसम सन्तुलनमा राख्न र रोग फैलिन नदिन मद्दत गर्छन् । रुख काट्दा जनावरहरू मानिसको नजिक आउँछन्, जसले गर्दा रोग मानिसमा सर्न सजिलो हुन्छ ।

फोहर पानीले हैजा जस्ता रोग ल्याउँछ । वर्षा ढाँचामा आएको परिवर्तनले बाली नष्ट गर्छ, खाद्यान्न अभाव हुन्छ । मैले किसानहरूसँग कुराकानी गर्दा उनीहरूले खेती गर्ने समय छोटिँदै गएको, मल महँगो भएको, र आफ्ना बच्चाहरूको पोषणबारे चिन्ता बढ्दै गएको बताएका छन् ।

**मानसिक स्वास्थ्यमा पनि असर**

जलवायु परिवर्तनले केवल शरीरमा होइन, मानसिक अवस्थामा पनि गहिरो असर पार्छ । घर डुब्नु, बाली गुमाउनु, वा भविष्यप्रति डर रहिरहनु, यी सबै तनाव, चिन्ता र निराशाको कारण बन्छन् । नेपालमा त सहरी क्षेत्रमा नै मानसिक स्वास्थ्य सेवा सीमित छ । ग्रामीण क्षेत्रमा त यो विषय अझै बोल्नै नसकिने विषयजस्तै लाग्छ ।

**सानो प्रयासले पनि फरक पार्न सक्छ**

हामी कहिलेकाहीँ सोच्छौं-'म एक्लैले के नै गर्न सक्छु र ?' तर सानो प्रयास पनि जोडिँदै जाँदा ठूलो प्रभाव पार्छ । म आफन्त र साथीहरूसँग जलवायु र स्वास्थ्यबारे कुरा गर्छु, प्लास्टिकको प्रयोग घटाउने कोशिश गर्छु, रुख रोप्छु, सकेसम्म हिड्छु, साइकल चढ्छु, र नीतिगत सुधारको पक्षमा बोल्छु । मौका पाउँदा स्वयंसेवकका रूपमा पनि काम गर्छु ।

जो सबैभन्दा बढी असरमा परेका छन्,उनीहरूले त सबैभन्दा कम प्रदूषण गरेका हुन् । त्यसैले हामी बोल्नुपर्छ,उनीहरूका लागि, सबैका लागि ।

**एक्लैले सम्भव छैन, हामी सबैको हात चाहिन्छ**

जलवायु संकट कसैले एक्लै समाधान गर्न सक्दैन । सरकार, समुदाय, स्वास्थ्यकर्मी, युवाहरू, सबै मिलेर मात्र सम्भव हुन्छ । ठूला देशहरूको तुलनामा नेपालले धेरै प्रदूषण गर्दैन, तर असर भने कडा भोग्दैछ । त्यसैले अब हामीलाई साहसी नेतृत्व, व्यवहारिक समाधानहरू, र सबैभन्दा आवश्यक कुरा, एकआपसमा एकता र सहयोगको भावना चाहिन्छ । स्वास्थ्यकर्मीहरू पहिलेदेखि नै लागिपरेका छन्, प्रणाली सुदृढ बनाउने, विपद्को तयारी गर्ने, रोगको निगरानी गर्ने, र मानसिक स्वास्थ्य सेवा विस्तार गर्ने कार्यमा । तर उनीहरू मात्रले पुग्दैन ।

हामी सबै मिलेर अघि बढ्नुपर्छ । पर्खेर केही हुँदैन । साना प्रयासहरूले नै फरक पार्न सक्छन् । प्रकृतिको विनाश भनेको हाम्रो नै विनाश हो । यो केवल हिमचुचुरो वा वनजंगलको कुरा होइन । यो हाम्रो स्वास्थ्य, हाम्रो परिवार र हाम्रो भविष्यको कुरा हो । जलवायु परिवर्तनले ढोका ढकढक्याइसकेको छ । तर अझै ढिलो भइसकेको छैन ।

यदि हामी सबै मिलेर, जिम्मेवारीपूर्वक र संवेदनाका साथ अघि बढ्यौं भने, हामी स्वस्थ समुदाय बनाउन, पीडितलाई सहयोग गर्न, र भविष्य सुरक्षित राख्न सक्छौं । पृथ्वीलाई जोगाउनु भनेको हामीलाई नै जोगाउनु हो । यी दुई कुरा छुट्टै होइनन्, सधैँ एक अर्कासँग गहिरो रूपमा जोडिएका छन् ।

स्वास्थ्य खबरबाट

# कार्यसम्पादनलाई अब्बल बनाउँदै लुम्बिनीको सामाजिक विकास मन्त्रालय

भैरहवा । लुम्बिनी प्रदेशको सामाजिक विकास मन्त्रालयले कार्यसम्पादनलाई अब्बल बनाउँदै लगेको छ । विगतका वर्षहरुमाभन्दा चालु र पुँजीगत खर्चमा वृद्धि गर्दै मन्त्रालयले कामलाई चुस्त, दिगो, पारदर्शी र परिणाममखुखी बनाउँदै लगेको हो । मन्त्रालयले आर्थिक वर्ष २०८०-०८१ को तुलनामा आव २०८१-०८२ मा ८ प्रतिशतले खर्चमा सुधार गरेको हो । मन्त्री जन्मजय तिमिल्सिनाले कार्यभार सम्हालेपछि मन्त्रालयको कामले गति लिएको कर्मचारीहरु बताउँछन् ।

मन्त्रालयका अनुसार अघिल्लो वर्ष चालु र पुँजीगत गरी ६१ दशमलव ५ प्रतिशत खर्च गरेको थियो भने आव २०८१-०८२ मा ६९ दशमलव १ प्रतिशत खर्च गरेको छ । आइतबार भैरहवामा आयोजित आव २०८१-०८२ मा सम्पादित कार्यक्रमको समीक्षासहितको पत्रकार भेटघाट कार्यक्रममा मन्त्रालयका महाशाखा प्रमुख रामहरि रिजालले आव २०८०-०८१ मा चालुतर्फ ६४ दशमलव ३ प्रतिशत खर्च गरिएकोमा आव २०८१-०८२ मा ७१ दशमलव ७ प्रतिशत र पुँजीगततर्फ अघिलल्लो वर्ष ४९ दशमलव ५ प्रतिशत र गत वर्ष ६५ दशमलव २ प्रतिशत खर्च भएको बताए ।

मन्त्रालयका अनुसार आव २०८०-०८१ मा चालुतर्फ २ अर्ब ६ करोड ४९ लाख रुपैयाँ बजेटमध्ये १ अर्व ३२ करोड ७४ लाख रुपैयाँ खर्च भएको थियो । भने, आव २०८१-०८२ मा १ अर्ब ७६ करोड ४९ लाख रुपैयाँ बजेटमध्ये १ अर्ब २६ करोड ४९ लाख रुपैयाँ खर्च भएको छ । यसैगरी पुँजीगत खर्चतर्फ अघिल्लो वर्ष ४७ करोड ६९ लाख रुपैयाँमध्ये २३ करोड ६२ लाख र गत वर्ष १ अर्व १५ करोड ५२ लाख बजेटमध्ये ७५ करोड २८ लाख रुपैयाँ खर्च भएको रिजालले जनाए ।

यसैगरी, अघिललो वर्ष कुल ४ सय १९ वटा सञ्चालित आयोजनामध्ये २ सय ८३ वटा सम्पन्न भएका थिए । जसमध्ये १ सय १४ वटा चालु छन् भने २२ वटा आयोजनाको काम नै भएनन् । आव २०८१-०८२ मा ९ सय ५७ वटा आयोजनामध्ये ५ सय २६ वटा सम्पन्न भइ ३ सय ४८ वटा चालु अवस्थामा छन् । ८३ वटा आयोजनाको काम नै हुन सकेको छैन ।

आव २०८१-०८२ मा लुम्बिनी प्रदेशका विद्यालयहरुको संरचनातर्फ नयाँ कक्षा कोठा (भवन) निर्माण ३९०, शौचालय ५०, विद्यालय भवन मर्मत ८२, सूचना प्रविधि ल्याव स्थापना १२, विज्ञान प्रयोगशाला निर्माण ११, पुस्तकालय निर्माण ४, विद्यालय स्वास्थ्य सेवा २०, व्यवसायिक तथा सीपमूलक तालिम ५७ वटा, शिक्षक तालिम ४२ वटा समूह, प्रदेशबाट प्राप्त क्षमता विकास तालिम ४ वटा समूहमा भएका छन् ।

अघिल्लो वर्ष २०८०-०८१ मा विद्यालयहरुको संरचनातर्फ नयाँ कक्षा कोठा (भवन) निर्माण २ सय १२ वटा, शौचालय ११, विद्यालय भवन मर्मत १५, सूचना प्रविधि ल्याव स्थापना २, विज्ञान प्रयोगशाला निर्माण ४, पुस्तकालय निर्माण ९, व्यवसायिक तथा सीपमूलक तालिम ३९ वटा समूह, शिक्षक तालिम ३४ वटा समूह, प्रदेशबाट प्राप्त क्षमता विकास तालिम २५ वटा समूहमा भएका थिए । अघिल्लो आवमा विद्यालय स्वास्थ्य सेवा शून्य रहेकोमा आव २०८१-०८२ मा २० वटा बनेका छन् । 'गत वर्ष मन्त्रीज्यू केही ढिलो गरी मन्त्रालयको जिम्मेवारी पाउनु भएको थियो, विधि कारणले त्यतिबेलासम्म मन्त्रालयको काम त्यति प्रभावकारी थिएन', उनले भने-'मन्त्रीज्यू आइसकेपछि कामले तिव्रता पायो । धेरै काम प्रभावकारीरुपमा सम्पादन गर्न सक्यौं ।'

सामाजिक विकास मन्त्री जन्मजय तिमिल्सिनाले अघिल्लो आवको तुलनामा गत वर्ष एसईई परीक्षाको नतिजामा उपलब्धि भएको बताए । 'सामुदायिक विद्यालयका शिक्षकलाई अझ जिम्मेवार र विद्यार्थीलाई थप मिहनती बनाउने उद्देश्य अनुरुप शैक्षिक कार्यक्रम र योजना ल्याइएको छ', मन्त्री तिमिल्सिनाले भने-'विगतको अनुभवले भविष्यको परिपक्क योजना बनाउने र बजेटको दुरुपयोग नियन्त्रण गरि योजनालाई चालु वर्षमा मितव्ययी र पारदर्शी बनाइने छ ।'

उनले आफूले कार्यभार सम्हालेपछि खर्चमा सुधार गरिएको जानकारी दिए । आफूले मन्त्रालय सम्हाल्दा खर्च प्रगति १० प्रतिशतभन्दा थोरै भएको र योजनाबद्ध काम गर्दा खर्चमा सुधार भएको जनाए ।

मन्त्रालयका सचिव बसन्तप्रसाद कोइरालाले कार्यगत एकता, जवाफदेहिता र निरन्तरको प्रयासले खर्चवृद्धि भएको जनाए । 'मन्त्रीज्यूको नेतृत्वमा शैक्षिक सुधार, पूर्वाधार विकास, दिगोपना र शिक्षकहरुको क्षमता विकासमा हामीले विशेष फोकस गरेर काम गरेका छौं', उनले भने-'विगतका वर्षहरुमा भन्दा गत वर्ष हामीले गरेका काम र परिणामले पनि त्यो कुरा पुष्टि गर्छ ।' उनले आगामी वर्ष मन्त्रालयले कामलाई अझ प्रभावकारी ढंगले अघि बढाउने बताए । गत वर्ष लुम्बिनीका मन्त्रालयहरुमा बढी बजेट खर्च गर्नेमा यो मन्त्रालय चौथो स्थानमा छ ।

# छात्रवृत्ति प्रदान र रक्तदान




देवदह । देवदह व्यापार संघले विद्यार्थीलाई छात्रवृत्ति प्रदान तथा रक्तदान गर्दै आफ्नो १२औं स्थापना दिवस मनाएको छ । संघले १२औं स्थापना दिवसको अवसरमा एक कार्यक्रम गरी भविश्ष्य निर्माण माध्यमिक विद्यालयको कक्षा ९ मा अध्ययनरत देवदह-२, ढेकावर निवासी सुन्दर थापालाई छात्रवृत्ति प्रदान गरेको हो ।

पैसाको अभावमा कोही पनि शिक्षाबाट बन्चित हुन नपरोस भनेर संघले वार्षिक रुपमा एक जना विद्यार्थीको वार्षिक फिस, विद्यालय ड्रेस, स्टेशनरी सामग्री किन्ने रकम एकमुष्ट रुपमा विद्यार्थी थापा र अभिभावकलाई प्रदान गरेको हो ।

संघले वार्षिक रुपमा गरिब, विपन्न वर्गका विद्यार्थीलाई वार्षिक रुपमा लाग्ने खर्च स्थापना दिवसको अवसरमा प्रदान गर्दै आइरहेको संघका अध्यक्ष कोषबहादुर गुरुङ्गले जानकारी दिए ।

विद्यालयले गरेको सिफारिसको आधारमा छात्रवृत्ति प्रदान गरिएको अध्यक्ष गुरुङ्गले जानकारी दिए । छात्रवृत्ति प्रदान गर्दै देवदह नगरपालिका प्रमुख ध्रुवप्रसाद खरेलले समाजको विकास र उत्थानमा सबैले हातेमालो गर्न आवश्यक रहेको बताए ।

उनले व्यापार व्यवसायको प्रवर्द्धनसंगै सामाजिक उत्तरदायित्वको कामहरु गर्नुपर्नेमा जोड दिए ।

नगरप्रमुख खरेलले रगतको अभावमा कसैको ज्यान जान नपरोस भनेर नगरपालिकाले निःशुल्क रगत उपलब्ध गराउँदै आएको बताए । सोही अवसरमा बोल्दै व्यापार संघ लुम्बिनी प्रदेशका वरिष्ठ उपाध्यक्ष झविन्द्रप्रसाद कंडेलले नगरको विकासमा व्यवसायीहरुको भूमिका महत्वपूर्ण रहेकोले व्यवसायीहरुको समस्या समाधानमा स्थानीय सरकारले भूमिका खेल्नु पर्नेमा जोड दिए । रक्तसञ्चार केन्द्र बुटवलको प्राविधिक सहयोग रहेको रक्तदान कार्यक्रममा ३० पिन्ट रगत संकलन भएको उपाध्यक्ष पिताम्वर खरेलले जानकारी दिए ।

देवदह व्यापार संघका अध्यक्ष कोषबहादुर गुरुङ्गको अध्यक्षतामा भएको कार्यक्रममा रुपन्देही व्यापार संघका उपाध्यक्ष प्रकाश ढकाल, नेकपा एमाले देवदहका अध्यक्ष केशव भट्टराईलगायतले आ-आफ्ना भनाइ राखेका थिए ।

संघका वरिष्ठ उपाध्यक्ष माधव ढकालको स्वागत र महासचिव हरिलाल भण्डारीको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

# सामाजिक सद्भाव फैलाउनुपर्नेमा जोड

बुटवल । नेपाल सरकारका उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णु पौडेलले असल सामाजिक सद्भाव समाजमा फैलाउनुपर्ने आवश्यकता रहेको बताएका छन् ।

ज्ञान विवेक र मानवताका ज्ञानहरुलाई एकताको सन्देश दिनेहरु समाजमा सामाजिक सद्भाव फैलाउनुपर्ने उनको भनाइ छ । बुटवल ११ योगिकुटीस्थित देवस्थल मन्दिरमा पूजा अर्चना, रुद्राभिषेक कार्यक्रममा सरिक एवं प्रस्तावित बहुउद्देश्यीय भवनको अवलोकन गर्दै उनले मन्दिरको माध्यमबाट समाजमा राम्रा विचारहरु फैलाउनुपर्ने सुझाव दिए । उनले नेपाल देवभूमि, अत्यन्तै पावनभूमि, तपोभूमि, ध्यानभूमि, ज्ञानभूमि भएको बताए । साथै यहि संस्कति र परम्परालाई देवस्थल जस्ता मन्दिरहरुलाई अनुसरण गर्दै समृद्ध संस्कृतिको रुपमा अगाडि बढ्नुपर्ने उनले बताए ।

नेपाल विभिन्न चाडपर्व, संस्कृति र सम्पदाले सम्पन्न मुलुक भएको भन्दै उनले विश्वका कतिपय देशहरू ठूला र विकसित भए पनि नेपालमा जस्तो संस्कृति र परम्परा अनेत्र नभएको दाबी गरे । त्यस्तै उनले मन्दिर व्यवस्थापन समितिले निर्माण गर्न लागेको बहुउद्देश्यीय भवन निर्माणका लागि आफ्नो सहयोग रहने प्रतिबद्धता समेत जनाए ।

रुपन्देही क्षेत्र नं. २ का सांसद समेत रहेका पौडेलले रुपन्देही पूर्वधारको विकाससँगै मानवीय विकासमा अब्बल बन्दै गइरहेको बताए । रुपन्देहीमा अहिले निर्माणधिन अवस्थामा रहेका आयोजनाहरु छिटो सम्पन्न गर्न आवश्यक बजेटको कमि नहुने बताउँदै रुपन्देहीले पूर्वधार विकासमा छलांग मारेको बताए ।

अर्थमन्त्री पौडेललाई देवस्थल मन्दिर व्यवस्थापन समितिकी अध्यक्ष पुष्पा शर्माले पुष्पगुच्छाबाट स्वागत गरेकी थिइन । सो क्रममा उनले धर्मशाला, जेष्ठ नागरिक मिलन केन्द्र निर्माण गर्ने तयारी समितिले गरेको बताए ।

कार्यक्रममा पण्डित कुशमाखर न्यौपाने, समितिका वरिष्ठ उपाध्यक्ष कमल नेपाल, उपाध्यक्ष हरि घिमिरे, सचिव रनमाया चापागाईं, सह-सचिव जीवलाल बस्याल, कोषाध्यक्ष बद्री लम्साल, सह-कोषाध्यक्ष माया बेलबासे सदस्यहरु गणेश न्यौपाने, कमला न्यौपाने, मञ्जु खड्का, लक्ष्मी श्रेष्ठ, एकदेव न्यौपाने, श्याम पोखरेल, पप्पु वि.क. ललिता खनालगायतले अर्थमन्त्री पौडेललाई स्वागत गरेका थिए ।

### त्रिवेणी भन्सार :

# क्वारेनटाइनको निर्माण नहुँदा निकासी पैठारी शून्य

नवलपरासी । छ वर्ष अगाडि मूल भन्सारमा स्तरोन्नति भएको त्रिवेणी भन्सार कार्यालय नाम मात्रको 'मूल भन्सार' बनेको छ । भारतसँग सीमा जोडिएको गण्डकी प्रदेशकै एकमात्र यस भन्सारमा आवश्यक पर्ने क्वारेनटाइनको निर्माण नहुँदा हालसम्म निकासी पैठारी हुनसकेको छैन ।

विसं २०७६ फागुनमा मूल भन्सारको मान्यता पाएको नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को विनयी त्रिवेणी गाउँपालिका-७ मा रहेको यस भन्सारमा हालसम्म क्वारेनटाइन निर्माण हुन नसक्दा मालसामान निकासी पैठारी शून्य छ । फागुन २०७६ अगाडि यस भन्सार भैरहवा भन्सार कार्यालयको छोटी भन्सारको रूपमा रहेको थियो । सङ्घीय सरकारको निर्णयअनुसार मूल भन्सारको मान्यता पाएको यस भन्सारमा आवश्यक पूर्वाधार निर्माण हुन नसक्दा भारततर्फ पठाउने मालसामान र भारतबाट नेपाल भित्रिने मालसामानको अवस्था शून्य रहेको भन्सार कार्यालयले जनाएको छ ।

त्रिवेणी भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत रामराजप्रसाद चौरासियाले भन्सारको स्तरोन्नतिसँगै यहाँ प्लान्ट क्वारेनटाइन, खाद्यान्न क्वारेनटाइन, पशु क्वारेनटाइनलगायत पूर्वाधार निर्माण हुनुपर्नेमा त्यस्तो हुन नसकेको जानकारी दिए ।

"पहिला छोटी भन्सारका रूपमा रहेको त्रिवेणी भन्सारलाई मूल भन्सार बनाइयो", उनले भने-"मूल भन्सारलाई आवश्यक पर्ने पूर्वाधार निर्माण नहुँदा गाडीको अस्थायी नम्बर पैठारी दिनेबाहेकका सेवा हामीले दिनसकेका छैनौँ ।" क्वारेनटाइन नहुँदा त्रिवेणी भन्सार पर्यटक नाकाका रुपमा मात्र रहेको अधिकृत चौरासियाको भनाइ छ ।

"भारतबाट नेपाल घुम्न आउने पर्यटकका सवारीसाधनलाई अस्थायी नम्बर दिनेबाहेकका अरु काम हामीले पाएका छैनौँ", उनले भने-"भारततर्फ बाल्मीकि नगरमा भारतले क्वारेनटाइन बनाएको छ, तर हाम्रोमा नहुँदा निकासी पैठारी शून्य भएको हो ।"

बाल्मीकि नगरले समेत त्रिवेणी भन्सारमा पनि क्वारेनटाइन बनाउनुपर्ने जनाउँदै त्रिवेणी भन्सारबाट केन्द्रसम्म पत्राचार गरेको उल्लेख गर्दै उनले यहाँ क्वारेनटाइन नबन्दा सरकारले यो नाकाबाट हुने राजस्वको आम्दानी गुमाइरहेको बताए । खाद्यान्न, बोटबिरुवा तथा पशुचौपाया परीक्षण गर्ने र राख्ने छुट्टाछुट्टै क्वारेनटाइन निर्माण गरेर निकासी पैठारीको वातावरण सृजना गर्नका लागि आफूहरुले भन्सार विभाग हुँदै नेपाल सरकारलाई आग्रह गरिरहेको उनको भनाइ छ ।

अस्थायी पैठारीबाट मात्र पनि त्रिवेणी भन्सार कार्यालयले गत आव २०८१/८२ मा करिब रु एक करोड ८० लाख राजस्व सङ्कलन गर्न सफल भएको चौरासियाले जनाए ।

कार्यालयले लक्ष्यको तुलनामा ७४ दशमलव छ प्रतिशतमात्र प्रगति हासिल गरेको उनको भनाइ छ । कार्यालयले गत आवमा रु दुई करोड ४० लाख १९ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य लिएकामा रु एक करोड ७९ लाख २८ हजारमात्र राजस्व सङ्कलन गर्न सफल भएको उनले जानकारी दिए ।

उनका अनुसार गत आवमा सबैभन्दा बढी राजस्व माघमा असुली भएको छ । कार्यालयले माघमा रु ४० लाख २६ हजार राजस्व सङ्कलन गर्न सफल भएको चौरासियाले जानकारी दिए । त्यस्तै, फागुनमा रु १७ लाख ७२ हजार, असारमा रु १६ लाख ६२ हजार, जेठमा रु १५ लाख ६७ हजार, पुसमा रु १४ लाख ८२ हजार रुपैयाँ राजस्व सङ्कलन भएको चौरासियाले बताए । त्रिवेणी भन्सार कार्यालयले साउनमा रु ११ लाख ७१ हजार, बैशाखमा रु ११ लाख ५७ हजार, चैतमा रु ११ लाख ४२ हजार, कात्तिकमा रु ११ लाख १६ हजार, भदौमा रु १० लाख ३३ हजार, मङ्सिरमा रु नौ लाख ७४ हजार तथा असोजमा रु आठ लाख २० हजार राजस्व सङ्कलन गर्न सफल भएको कार्यालय प्रमुख चौरासियाले जानकारी दिए ।

"त्रिवेणी भन्सार कार्यालयले सवारीसाधनको अस्थायी नम्बर तथा प्रहरीले पक्राउ गरेर बुझाउने सामानको लिलाम बिक्रीबाट पनि राजस्व असुली गर्दै आएको छ", उनले भने- "विभिन्न व्यक्तिहरूले भारतबाट भन्सार छली गरेर ल्याएको सामग्री प्रहरीले पक्राउ गर्दा हामीलाई बुझाउने र हामीले लिलामी गर्ने गरेका छौँ ।" त्रिवेणी भन्सार क्षेत्रबाट चोरीपैठारी हुने अवस्था नभएको उनको भनाइ छ । "हाम्रो कार्यक्षेत्रमा खुला सिमाना छैन, नारायणी नदीले नेपाल भारतलाई छुट्याएको छ", उनले भने-"नदीबाट चोरीपैठारी गर्न सक्ने अवस्था छैन ।"

पर्यटक नाकाका रुपमा मात्र रहेको यस भन्सारलाई पूर्णरूपमा सञ्चालन गर्न सरकारले आवश्यक तयारी गरेमा यस नाकाबाट निकासी पैठारीमा सहजता हुने उनले बताए ।

त्रिवेणीमा नारायणी नदीमाथि बनेको पुल यस क्षेत्रको एकमात्र नाका भएकाले यसको सहज सञ्चालन गर्दा सरकारलाई धेरै फाइदा पुग्ने चौरासियाको भनाइ छ ।

सङ्घीय सरकारका मन्त्री, प्रदेश सरकारका मन्त्रीले यस क्षेत्रमा आउँदा त्रिवेणी भन्सारका बारेमा चासो दिने गरेको भए पनि फर्किएपछि उनीहरुले पूर्वाधार निर्माणमा ध्यान नदिँदा भन्सारले पूर्ण रूपमा काम गर्न पाएको छैन ।

# २६ करोड लागतमा सिँचाइ र तटबन्धन

**प्रकाश डोटेल**
*स्याङ्जा*

स्याङ्जामा आर्थिक वर्ष २०८१/०८२ मा झण्डै २६ करोडको लागतमा सिँचाइ र नदि नियन्त्रण अर्थात् तटबन्धन निर्माण गरिएको छ । जलश्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयले २५ करोड ५० लाखको लागतमा सिँचाइ र तटबन्धन निर्माणको काम गरेको हो ।

कार्यालयको पुँजीगत कुल २७ करोड ९९ लाख ९ हजार बजेटमा ९१ दशमलब १० प्रतिशतले हुने २५ करोड ५० लाखको लागतमा सिँचाइ र तटबन्धनको काम गरेको छ । प्रदेशको पुँजीगत १३ करोड ९४ लाख ७८ हजार, संघीय सरकारको सशर्त ५ करोड ६२ लाख ६३ हजार र विशेष अनुदानतर्फको ६ करोड ४९ लाख ८२ हजारको लागतमा सिँचाइ तथा तटबन्धनको काम भएको छ ।

उक्त बजेटबाट सिँचाइतर्फ झण्डै २७ किलोमिटर पक्की नहर र करिब ५ किलोमिटर पाइपलाइनको मर्मतसम्भार गरिएको कार्यालयले जनाएको छ । कार्यालयका अनुसार सोही शीर्षकमा १७ वटा कुलो तथा कुलोको मुहान र ६२ वटा सिँचाइका अन्य संचारनाको निर्माण तथा मर्मत गरेको हो ।

आर्थिक वर्ष २०८१/०८२ मा २ सय ७५ हेक्टर जमिनमा पुऱ्याएको सिँचाइ सुविधालाई दिगो र टिकाउ बनाएको कार्यालय प्रमुख किरण आचार्यले बताए ।

'कृषक कुलो सुधारबाट १ सय ९४, पुनर्स्थापना, सुधार र संरचना नविकरणबाट ८१ गरी २ सय ७५ हेक्टर जमिनमा सिँचाइ पुऱ्याएका छौं,' प्रमुख आचार्य भने-'नयाँ बनेका संरचना र मर्मत भएका योजनाहरु दिगो र टिकाउ छन् ।'

सिँचाइ कार्यालयले गएको वर्ष ड्यामसहित झण्डै २९ सय २० मिटर लम्बाइको पक्की तटबन्धन, करिब ५ सय मिटर तारजालीसहितको पर्खाल (ग्याबिनवाल) र ६ वटा तटबन्धनका अन्य संरचना निर्माण गरेको छ । कार्यालयले ७ सय ३२ तारजालीको प्रयोगबाट नदी नियन्त्रणसँगै विपद्बाट क्षतिग्रस्त संरचना र भूक्षय नियन्त्रण र रोकथाममा योगदान पुऱ्याएको छ ।

विशेष गरी फेदीखोलामा ४, आँधीखोलामा ९, पुतलीबजारमा १६, भीरकोटमा ६, वालिङमा १४, गल्याङमा ८, अर्जुनचौपारीमा ६ र कालीगण्डकीमा ३ वटा योजनाबाट दरौ, आँधीखोला तटबन्धन र सिँचाइ सुविधा विस्तारमा झण्डै १५ करोड खर्च गरिएको छ भने उता बिरुवामा २, हरिनासमा ४ र चापाकोटमा ११ योजनाबाट ज्यादीखोलाको नियन्त्रणलाई प्रथामिकता राखेर सिँचाइ सुविधा दिगो र भरपर्दो बनाउन १० करोडको हाराहारीमा रकमखर्च गरेको कार्यालयले जनाएको छ ।

कार्यालयबाट सञ्चालित अधिकांश योजनाहरु बहुवर्षीय छन् भने धेरै योजनाहरु उपभोक्ता समितिबाटै निर्माण गरिन्छ । ठूला र नगन्य आधादर्जन योजनाहरु मात्रै टेण्डरबाट निर्माण भएको जानकारी दिँदै कार्यालयका सूचना अधिकारी सुनिल के.सी.ले गएको वर्ष जिल्लामा समिति र ठेक्कापट्टाबाट झण्डै ९० वटा योजनाहरुको निर्माण तथा मर्मत भएको जनाए ।

जिल्लमा नहर तथा कुलोबाट करिब १० हजार र खहरेखोला, मौसमी वर्षातबाट झण्डै ६ हजार हेक्टर खेतीयोग्य जमिनमा सिँचाइ हुने सरकारी तथ्याङ्क छ ।

सिँचाइका लागि नहर, कुलो निर्माण तथा सिञ्चित जमिनको क्षेत्रफल बढ्दै गए पनि खेतीयोग्य भू-भाग खुम्चदै गएको तथ्याङ्क छ । आर्थिक वर्ष २०७७/०७८ मा १६ हजार ८ सय ३० हेक्टर जमिन भएकोमा ४ वर्षको अन्तरमा पछिल्लो वर्ष १४ हजार हेक्टर मात्रै खेतीयोग्य जमिन रहेको तथ्याङ्कले देखाउँछ ।

# नेप्से परिसूचक १८ अङ्कले घट्यो



काठमाडौं । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा साताको पहिलो दिन आइतबार दोहोरो अङ्कको गिरावट देखिँदा कारोबार रकम साढे रु २६ अर्ब नाघेको छ । नेप्से परिसूचक १८ दशमलव ४४ अङ्कले घटेर दुई हजार ९६४ दशमलव २० को बिन्दुमा कायम भएको हो ।

तीन सय २३ कम्पनीको पाँच करोड ८६ लाख ५३ हजार ७६२ कित्ता शेयर दुई लाख तीन हजार ६५८ पटक खरिदबिक्री हुँदा रु २६ अर्ब ५७ करोड ७४ लाख ३८ हजार २३७ बराबरको कारोबार भएको छ । कारोबार रकम पछिल्लो करिब ११ महिनाकै उच्च हो ।

विकास बैंक समूह एक दशमलव २३, उत्पादन तथा प्रशोधन एक दशमलव शून्य आठ, म्युचुअल फण्ड शून्य दशमलव ३९ र व्यापार समूह एक दशमलव ४४ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ ।

बैंकिङ शून्य दशमलव ७१, वित्त एक दशमलव ९९, होटल तथा पर्यटन एक दशमलव ७९, जलविद्युत् एक दशमलव शून्य नौ, लगानी एक दशमलव ६६, जीवन बिमा एक दशमलव ३५, निर्जीवन बिमा शून्य दशमलव ६७ र अन्य समूह शून्य दशमलव ८६ प्रतिशतले घटेको छ ।

कारोबारमा समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड र ट्रेड टावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा बढी नारायणी डेभलपमेन्ट बैंक लिमिटेडको शेयर मूल्य छ दशमलव ३४ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा बढी शिवम् सिमेन्ट लिमिटेडको रु एक अर्ब दुई करोड तीन लाख ३५ हजार ९२३ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा बढी लक्ष्मी सनराइज बैंक प्रमोटरको शेयर २१ लाख २० हजार ९१२ कित्ता किनबेच भएको छ ।

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

र.जि.हु.द.न.१३/०६३/०६४
२०८२ साउन १२ गते, सोमबार
Monday July. 28, 2025
न.प.जि.प्र.का.द.न.४/०४५/०४६
दैनिक लुम्बिनी

# जबई खेल मैदानमा कर्णेल उजिरसिंह थापा रङ्गशाला बन्दै



बुटवल। बुटवल उप-महानगरपालिका वडा नं. १३ सालघारीस्थित जबई खेल मैदानलाई स्तरोन्नति गरी अन्तरराष्ट्रियस्तरको कर्णेल उजिरसिंह थापा रङ्गशाला बनाउने काम सुरु भएको छ।

बुटवलको जितगढीमा भएको अङ्ग्रेज फौजसँगको लडाइँ जिती विश्वभर नेपालीको वीरता फैलाउने कर्णेल थापाको सम्मानमा आधुनिक एवं सुविधासम्पन्न रङ्गशाला बनाउने काम अघि बढेको हो।

बुटवल उप-महानगरपालिकाले आव २०७६/७७ मा सो खेल मैदानलाई स्तरोन्नतिसहित कर्णेल थापाका नाममा रङ्गशाला बनाउन सुरु गरिएकामा वनको अवरोधलगायत कारण रोकिएको काम सुरु भएको प्रदेश पूर्वाधार विकास प्राधिकरणका इञ्जिनियर शङ्कर सुवेदी बताउँछन्।

भूतपूर्व सैनिकको बाहुल्य रहेको सो उप-महानगरपालिका वडा नं. १३ मा बन्न लागेको उक्त रङ्गशाला निर्माणका लागि लुम्बिनी प्रदेश सरकारले दुई चरणमा विनियोजित गर्नेगरी रु ५३ करोड बजेट उपलब्ध गराउने निर्णय गरेको छ। पहिलो चरणअन्तर्गत चालु आर्थिक वर्ष २०८२/०८३ मा रु १० करोड ७६ लाख ६१ हजार लागत अनुमान स्वीकृत भई बोलपत्र आह्वान प्रक्रिया अघि बढिसकेको विकास प्राधिकरणले जनाएको छ।

सो रङ्गशाला निर्माणका लागि अर्जुन, मार्क, प्रदीप जेभी बनस्थली काठमाडौँसँग भ्याटसहित रु आठ करोड ५२ लाख ३२ हजार ४९३ ठेक्का सम्झौता भएको र रु तीन करोड प्रदेश सरकारबाट बजेट विनियोजन भइसकेको प्राधिकरणले बताएको छ।

लुम्बिनी प्रदेश सरकार मन्त्रिपरिषद्को मिति २०८१ फागुन ६ गतेको निर्णयअनुसार आयोजना कार्यान्वयनका लागि युवा तथा खेलकुद मन्त्रालयबाट प्रदेश पूर्वाधार विकास प्राधिकरणमा हस्तान्तरण गरेको इञ्जिनियर सुवेदीले जानकारी दिए। प्रदेशस्तरीय खेलकुद क्षेत्रको विकास आयोजना कार्यान्वयनका क्रममा कर्णेल उजिरसिंह थापा रङ्गशाला हाताभित्र करिब २० हजार दर्शकले खेल हेर्न मिल्नेगरी सुविधासम्पन्न फुटबल मैदानसहित बहुउद्देश्यीय खेल मैदान, भलिबल कोर्ट, 'एथलेटिक ट्रेक', 'एक्वाटिक सेन्टर', 'स्विमिङ पुल', चमेनागृह, पार्किङ स्थल, सानो बाल उद्यानलगायत संरचना निर्माण हुनेछन्।

यसैगरी, रङ्गशाला प्रवेशका लागि चार वटा प्रवेशद्वार, आपतकालीन द्वार, चारैतर्फ १२ देखि २० हजार दर्शक अट्ने क्षमताको आधुनिक 'प्यारापिट' निर्माण गर्नेगरी डिजाइन गरिएको इञ्जिनियर सुवेदीले जानकारी दिए।

स्थानीय जनप्रतिनिधि ध्रुव थापाका अनुसार बुटवल उप-महानगरपालिकाले जबई खेल मैदानमा केही संरचना निर्माण गरी क्षेत्रीय, जिल्ला तथा स्थानीयस्तरका विभिन्न खेल प्रतियोगिता सञ्चालन गर्दै आएकामा तीनै तहका सरकारको सहयोग र सहकार्यमा अब सुविधा सम्पन्न रङ्गशाला निर्माण हुने भएको छ।

सो रङ्गशाला निर्माण गर्न लुम्बिनी प्रदेश सरकारले बर्सेनि बजेट व्यवस्था गर्दै आए पनि खेल मैदान हाताभित्र रहेका केही रुख कटान गर्ने क्रममा 'वन कार्यालय'ले अवरोध सिर्जना गरेपछि विनियोजित रकम फ्रिज हुनासाथ चिन्तित बनेका स्थानीयवासी अहिले खुसी देखिएको जनप्रतिनिधि थापाले बताए।

उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णु पौडेलको विशेष पहलमा 'वन'को समस्यासहित देखिएका तमाम अड्चनहरू समाधान भएसँगै स्थानीय भूपू सैनिक, युवा तथा खेलाडी र आमसर्वसाधारण वर्षौंदेखि उठाउँदै आएको माग पूरा भएकामा स्थानीयवासी हर्षित भएको भूपू सैनिक जबई स्पोर्टिङ क्लबका अध्यक्षसमेत रहेका स्थानीय अगुवा गोपिराम पुन बताउँछन्।

साथै उनले खेल प्रेमीसहित स्थानीयवासीकोतर्फबाट सरकारलाई धन्यवाद दिँदै क्लबका अध्यक्ष पुनले भने-"आव २०७६/४७ देखि रङ्गशाला बन्ने क्रममा रहे पनि वनको अवरोधसहित विभिन्न समस्याका कारण रोकिएको काम अब अघि बढ्ने भएको छ। दुई चरणमा बजेट व्यवस्थासहित रङ्गशाला बन्ने सुनिश्चित भएकामा हामी हर्षित छौँ। रङ्गशालामा निर्माण हुने संरचनाको विस्तृत 'डिजाइन' तयार भइसकेकाले अब द्रुतगतिमा काम अघि बढ्ने विश्वास लिएका छौँ। रङ्गशाला निर्माण प्रक्रियालाई अघि बढाउन नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने उप-प्रधानमन्त्री पौडेलसहित प्रदेश सरकार र स्थानीय तहप्रति आभारी छौँ।"

'वन प्रशासन'ले वन क्षेत्र प्रयोग गर्न गत असोज १८ गते प्रदान गरेको अनुमतिअनुसार रङ्गशाला निर्माणसहित यसक्षेत्रका महत्वपूर्ण विकास आयोजनालाई काम गर्ने बाटो खुलेको थियो। अहिले सो रङ्गशालाको 'डीपीआर' अनुसार काम गर्ने जिम्मा प्रदेश सरकार मातहतको प्रदेश पूर्वाधार विकास प्राधिकरणले पाएको छ। प्राधिकरणले रङ्गशाला क्षेत्रको 'साइट'मा समन्वय गर्न उद्देश्यले विमला श्रेष्ठको नेतृत्वमा टोली परिचालन गरेको इञ्जिनियर सुवेदीले जानकारी दिए।

सो रङ्गशाला निर्माणका क्रममा आवश्यक सहजीकरण गर्ने रुपन्देही जिल्ला क्षेत्र नं. २ बाट प्रतिनिधिसभामा प्रतिनिधि गर्ने उपप्रधानमन्त्री एवं अर्थमन्त्री पौडेलले गत शनिबार 'जबई खेल मैदान क्षेत्र'को प्राविधिक टोलीसहित निरीक्षण गर्दै गुरुयोजनाअनुसारको बहुउद्देश्यीय रङ्गशाला निर्माणको कामअघि बढिसकेको बताए।

स्थानीयवासी र खेलकुदप्रेमीको भावना र चाहनाबमोजिम आफ्नै निर्वाचन क्षेत्रभित्र प्रदेश सरकारको सहयोगमा आधुनिक एवं सुविधासम्पन्न रङ्गशाला बन्न लागेकामा खुसी व्यक्त गर्दै उनले निर्माणाधीन कामको निगरानीसहित गुणस्तरमा ध्यान दिन सम्बद्ध सबैसँग अनुरोध गरे।

उनले वन क्षेत्रको अनुमति, बजेट विनियोजन, मन्त्रालय हस्तान्तरण र पूर्वाधार विकास प्राधिकरणलाई अधिकार प्रदानगरी परियोजना कार्यान्वयन सुनिश्चित गर्ने काम सम्पन्न भइसकेको अवस्थामा अब निर्माण कार्यमा अरु कुनै व्यवधान नरहेको स्पष्ट गर्दै अर्थमन्त्री पौडेलले स्थानीय जनप्रतिनिधि, नागरिक समाज, स्थानीयवासीको निर्माणको गुणस्तरमा ध्यान जानुपर्नेमा जोड दिए।

सुरुमा प्रदेश सरकारले रु १० लाख र उपमहानगरले रु पाँच लाख गरी रु १५ लाख विनियोजन गरी रङ्गशालाको वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) को कामअघि बढाउन लाग्दा वन क्षेत्रमा उजुरी परी निर्माण प्रक्रिया रोकिएको थियो। विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) अनुसार साढे चार बिघा क्षेत्रफलमा निर्माण हुने भनिएको रङ्गशालाको १५ मिटर जग्गा जितेश्वरी सामुदायिक वनमा पर्ने भएपछि डीपीआर र इआइएको काम पूरा भए पनि जग्गा प्राप्तिको प्रक्रिया रोकिएको थियो।

जग्गा प्राप्त गर्न नसके पनि प्रदेश सरकारले रङ्गशाला निर्माण गर्ने भन्दै विगत चार वर्षदेखि नियमित बजेट विनियोजन गर्दै आएको थियो। पछिल्ला चार वर्षमा प्रदेश सरकारले झण्डै रु २० करोड बजेट यही रङ्गशालाका नाममा छुट्याउँदै आए पनि बजेट 'फ्रिज' हुने गरेको थियो।

सबै पक्षबाट आवश्यक पहलकदमी भएपछि निर्माण प्रक्रिया सम्भव भएको हो भन्दै यसै क्षेत्रका प्रदेशसभा सदस्यसमेत रहेका पूर्वमन्त्री भोजप्रसाद श्रेष्ठले भने-"जेजति उल्झन ब्यहोरियो अब व्यहोर्नु पर्ने छैन, यसक्षेत्रको मुहार फेरिने गरी मैदान बन्नेछ, स्थानीयवासी र खेलप्रेमीको चाहना र भावनाबमोजिम प्रदेश सभासदका हैसियतले सक्दो सहयोग र समन्वय गरेँ, रङ्गशाला बन्ने सुनिश्चित भएपछि अहिले साह्रै खुसी छु।"

# 'विश्व शान्तिका लागि बौद्ध कुटनीति फैलाऔं'

## बुद्धका शिक्षालाई व्यवहारमा उतारेर अन्तर्राष्ट्रिय कूटनीति र शान्तिमा नयाँ आयाम ल्याउन सकिने मुख्यमन्त्री आचार्यको भनाइ छ।



**लुम्बिनी संवाददाता**
*बुटवल*

बुद्ध जन्मस्थल लुम्बिनीमा 'कूटनीति र बुद्धका शिक्षाः विश्व शान्ति तथा दिगो विकासतर्फको मार्ग' विषयक अन्तर्राष्ट्रिय गोष्ठी सुरु भएको छ। गोष्ठीका वक्ताहले विश्व शान्तिका लागि बौद्ध कुटनीति विश्वभर फैलाउनुपर्ने खाँचो औंल्याएका छन्।

आइतबार लुम्बिनीमा गोष्ठीको उद्घाटन गर्दै लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले बुद्धका शिक्षालाई व्यवहारिक कूटनीतिक अभ्यासमा रूपान्तरण गर्नु आजको आवश्यकता भएको बताएका छन्। मुख्यमन्त्री आचार्यले गौतमबुद्धको शिक्षा द्वन्द्वभन्दा संवाद, प्रतिस्पर्धाभन्दा सहयोग र द्वेषभन्दा मित्रता निर्वाह गर्ने मूल्यमान्यतामा आधारित रहेको बताएका हुन। 'बुद्धका शिक्षाले अन्तर्राष्ट्रिय कूटनीतिमा दीगो शान्ति, आपसी सम्मान र समताको भावना स्थापित गर्न महत्वपूर्ण भूमिका खेल्न सक्छ।'-उनले भने।

मुख्यमन्त्री आचार्यले लुम्बिनीलाई केवल धार्मिक स्थलका रूपमा नभई मानवता, सहिष्णुता र अहिंसाको प्रतीकका रूपमा चिनाउनुपर्ने आवश्यकता औंल्याएका छन्। 'लुम्बिनी विश्व शान्तिको सन्देश फैलाउने केन्द्र हो। यस्ता अन्तर्राष्ट्रिय सम्मेलनहरूबाट यसको कूटनीतिक महत्व अझ विस्तार हुन्छ।'-उनले भने।

नेपाल-भारत सम्बन्ध ऐतिहासिक, सांस्कृतिक र धार्मिक रूपले अन्योन्याश्रित रहेको उल्लेख गर्दै उनले बुद्ध धर्म, भाषा, लिपि, परम्परा र दर्शनको साझा आधारमा दुई देशबिचको सम्बन्ध अझ प्रगाढ बनाउन शिक्षा, अध्ययन, अनुसन्धान तथा सांस्कृतिक सहकार्यलाई सशक्त माध्यमका रूपमा प्रयोग गर्न सकिने धारणा राखेका थिए। उनले लुम्बिनीको समग्र विकासका लागि प्रदेश सरकारले अघि सारेको 'लुम्बिनी विकास प्राधिकरण' अवधारणाले कपिलवस्तुदेखि रामग्रामसम्म फैलिएको सम्पूर्ण बौद्ध सम्पदाको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनमा सघाउ पुर्‍याउने विश्वास व्यक्त गरे।

मुख्यमन्त्री आचार्यले बौद्ध अध्ययनको शैक्षिक विस्तारका लागि लुम्बिनी बौद्ध विश्वविद्यालयको पहल सराहनीय रहेको उल्लेख गर्दै भविष्यमा 'नेपाल-भारत बौद्ध सांस्कृतिक आदानप्रदान केन्द्र' स्थापना, 'बुद्ध सर्किट' अन्तर्गत एकीकृत पर्यटन प्रवर्धन कार्यक्रम, बौद्ध अनुसन्धान केन्द्र, संग्रहालय र अन्तर्राष्ट्रिय युवा सम्मेलनजस्ता कार्यक्रमहरू अघि बढाउने सम्भावनातर्फ सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन्। संगोष्ठीमा भारत, नेपाल तथा अन्य राष्ट्रहरूबाट सहभागी विभिन्न विश्वविद्यालयका उपकुलपति, कूटनीतिज्ञ, बौद्ध चिन्तक, विशिष्ट पाहुना, भिक्षु, भिक्षुणी तथा प्राज्ञिक व्यक्तिहरूको उपस्थिति रहेको छ।

विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष प्रा.डा. देवराज अधिकारीले उच्च शिक्षामा नैतिकको निकै महत्व रहेको भन्दै बुद्धका शिक्षाले सबैलाई त्यसतर्फ लगिरहेको बताए।

कार्यक्रममा भारतीय विद्वान प्रा. अभयकुमार सिंहले 'कूटनीति र बुद्धका शिक्षाको मार्गदर्शन' विषयमा मन्तव्य दिएका थिए। कार्यक्रममा विभिन्न विद्वानहरुले शुभकामना सन्देशमार्फत् बौद्ध शिक्षा र यसको सान्दर्भिताको बारेमा व्याख्या गरेका थिए। लुम्बिनी बौद्ध विश्व विद्यालयका उपकुलपति प्रा.डा.सुवर्ण लाल ब्रजाचार्यको अध्यक्षता तथा मुख्यमन्त्री चेतनारायण आचार्यको प्रमुख आतिथ्यतमा संगोष्ठीको उद्घाटन गरिएको थियो। सो अवसरमा भारत तथा नेपालका विश्वविद्यालय र लुम्बिनी बौद्ध विश्वविद्यालयबीच सम्झौता समेत गरिएको थियो। रजिष्ट्रार डा. तिलक आचार्यले स्वागत गर्दै बौद्ध कुटनीति विश्वभर फैलाउन आवश्यक रहेको बताए। उनले विश्वविद्यालयले अन्तर्राष्ट्रिय सेमिनारमार्फत् विश्वलाई शान्तिको सन्देश फैलाउने कार्य गरिरहेको जानकारी दिए।

कार्यक्रममा काठमाडौं विश्वविद्यालययका उपकुलपति प्रा.डा. अच्युत वाग्ले, सुदुर पश्चिम विश्वविद्यालयका उपकुलपति प्रा.डा ध्रुवकुमार गौतम, संस्कृत विश्वविद्यालयका उपकुलपति प्रा.डा. धनिश्वर नेपाल, भारतको सिद्धार्थ विश्वविद्यालयका उपकुलपति प्रा. कविता शाह, पूर्व राजदुतहरू प्रा.डा लोकराज बराल, दीपकुमार उपाध्यायलगायतले बोल्दै विश्वशान्तिका लागि बुद्ध कुटनैतिक सम्बन्ध महत्वपूर्ण रहेको बताएका थिए।

लुम्बिनी बौद्ध विश्वविद्यालयका डीन डा. मणिकरत्न शाक्यले धन्यवाद ज्ञापन गरेको कार्यक्रमको सहजीकरण अन्तर्राष्ट्रिय सम्बन्ध केन्द्रका संयोजक राजेन्द्र घिमिरेले गरेका थिए। सेमिनारमा विभिन्न देशका एक दर्जन विज्ञहरूले कार्यपत्र प्रस्तुत गर्ने विश्वविद्यालयका सहायक निर्देशक चुरामणि पोखरेलले जानकारी दिए। सेमिनारमा नेपाल र भारतका विश्विद्यालयका एक दर्जन उपकुलपतिहरू सहभागी रहेका छन्। सेमिनार आजसम्म चल्नेछ।

# ढोरपाटनमा एक वर्षमा पुगे २३ हजार पर्यटक

गलकोट। नेपालको एक मात्रै सिकार आरक्ष क्षेत्र ढोरपाटन पुग्ने पर्यटकको संख्यामा बर्सेनि वृद्धि भइरहेको छ। ढोरसिकार आरक्ष कार्यालय बागलुङका अनुसार ढोरपाटन घुम्न आउने आन्तरिक पर्यटकको संख्यामा गत एक वर्षमै आठ हजारले वृद्धि भएको छ।

ढोरपाटन सिकार आरक्ष कार्यालयका रेञ्जर सागर सुवेदीका अनुसार आर्थिक वर्ष २०८०/८१ मा १५ हजार ५७३ पर्यटक ढोरपाटन पुगेकोमा आर्थिक वर्ष २०८१/८२ मा पर्यटकको संख्या आठ हजारले बढेर २३ हजार ६९२ पुगेको छ। जसमध्ये सार्क नागरिक १२ जना र विदेशी नागरिक २१३ जना मात्रै रहेका छन् भने अन्य पर्यटक आन्तरिक नै हुन्।

ढोरपाटनको प्रचारप्रसार, पर्यटकीय पूर्वाधार, बुकी र जलजलामा पदयात्रा गर्ने पर्यटकका कारण पर्यटकको संख्या बर्सेनि बढ्दै गएको सुवेदीको भनाइ छ। उनका अनुसार पर्यटकको संख्यामा वृद्धि भएसँगै राजस्वमासमेत वृद्धि भएको छ। ढोरपाटन पुग्ने नेपाली पर्यटकले रु एक सय प्रवेश शुल्क तिर्नुपर्ने हुन्छ।

गत आवमा मात्रै २० लाख भन्दाबढी राजस्व पर्यटकको प्रवेश शुल्कबाट सङ्कलन भएको छ। "प्रचारप्रसार, पर्यटकीय पूर्वाधार थपिनु, बुकी र जलजलाको चर्चासँगै पदयात्रा गर्न आउनु र होटल तथा घरबासको व्यवस्थापनका कारण पर्यटकमा वृद्धि भएका छन्।"- सुवेदीले भने।

ढोरपाटनमा सिकार खेल्न मात्रै विदेशी पर्यटक आउने गरेकामा पछिल्लो समय सिकार आरक्ष क्षेत्र अवलोकन, ढोरपाटन उपत्यका, निशेलढोर र ढोरबराह मन्दिर, बुकीपाटन र जलजलालगायतका क्षेत्रको अवलोकनका लागि आन्तरिक पर्यटक त्यहाँ आउने गरेका छन्।

ढोरपाटन उपत्यकामा दुई दर्जन होटल तथा घरबास सञ्चालनमा रहेको र सोझै पोखरादेखि पर्यटकलाई प्याकेजमै ल्याउने लैजाने व्यवस्थापनका कारण पर्यटकलाई सहज भएको ढोरपाटन सामुदायिक घरबासका सञ्चालनक रामबहादुर घर्तीले जानकारी दिए।

समुद्री सतहदेखि दुई हजार ९०० मिटरको उपत्यकादेखि चार हजारभन्दा माथिको बुकीपाटनसम्म पर्यटक पुग्न थालेका छन्।

**कर्मचारी आवश्यकता**

होटल रेडशनको परिसरमा अवस्थित विन स्टार क्यासिनोमा विभिन्न पदहरुको लागि दक्ष तथा इमान्दार कर्मचारीहरुको आवश्यकत परेको हुँदा इच्छुक अनुभवी व्यक्तिहरुले आ-आफ्नो CV सहित तल दिइएको ठेगानामा सम्पर्क गर्नूहुन अनुरोध गर्दछौं।

१. किचन
२. फुड एण्ड वेभरेज
३. गेमिङ्ग
४. जि.एस.ए
५. मार्केटिङ्ग
६. हाउस किपिङ्ग
७. स्वीपर्स
८. ड्राइभर
९. निगरानी कर्मचारी
१०. क्यासियर

नोट: 5th August 2025 सम्म CV संकलन गरिने छ।

भैरहवा
सम्पर्क नं.: ९८४१७३०६८७, ९८०१७१८७४२, ९८४१२८०७४१

# मूल बिउ उत्पादन गरिँदै

वालिङ। स्याङ्जाको वालिङ-१ यवादीमा रहेको कृषि विकास स्रोत केन्द्रले प्रजनन् बिउबाट मूल बिउ उत्पादन गर्न थालेको छ। गण्डकी प्रदेशका ११ वटै जिल्ला कार्यक्षेत्र रहेको कार्यालयले खाद्यान्न, तरकारी, दलहन र तेलहन बालीको मूल बिउ उत्पादन थालेको हो।

कृषि अनुसन्धान परिषद् (नार्क)बाट प्रजनन् बिउ ल्याएर कार्यालयले मूल बिउ उत्पादन गरी बिउ उत्पादक समूह सहकारी तथा फार्महरूलाई बिउ उपलब्ध गराउँदै आएको कार्यालयका बाली विकास अधिकृत पुकार खनालले जानकारी दिए।

कार्यालयले विभिन्न प्रजातिका धान, मकै, बोडी, सिमी, भटमास, कोदोलगायत खाद्यान्न, दलहन तथा तेलहन बालीको प्रजनन् बिउबाट मूल बिउ उत्पादन गर्दै आएको छ। "नार्कबाट ल्याएको प्रजनन् बिउलाई एक वर्ष यहाँ लगाएर मूल बिउ बनाइन्छ, यहाँ बनाइएको मूल बिउ लाइसेन्स प्राप्त बिउ उत्पादक समूह, सहकारी वा फार्महरूलाई ७५ प्रतिशत अनुदानमा उपलब्ध गराउँछौँ", उनले भने-"कार्यालयले उपलब्ध गराएको मूल बिउबाट लाइसेन्स प्राप्त बिउ उत्पादकहरूले उन्नत बिउ उत्पादन गर्छन्।"

बिउ उत्पादकले उत्पादन गरेको उन्नत बिउको नियमित निरीक्षण, अनुगमन गर्ने, भण्डारणका लागि टिनका बाकस, बिक्रीका लागि बोरा, विषादी तथा उत्पादित बिउको विवरण समेटिएको ट्याग, बोरा सिलाउने मेसिन, बिउको चिस्यान मापन गर्ने मेसिन कार्यालयले उपलब्ध गराउने उनले बताए।

आवश्यकता हेरी प्रदेश बिउबिजन गुणस्तर नियन्त्रण कार्यालय पोखराबाट प्रयोगशालामा बीउको गुणस्तर परीक्षण गरेपछि मात्र उन्नत बिउको रूपमा बजारमा पठाउने गरिएको छ। कार्यालयले उत्पादित बिउको डेसिस प्रणालीमार्फत् बिउ उत्पादक समूह, सहकारी, फार्म र बिउ बिक्रेता व्यवसायी तथा किसानलाई जोडेर बजारीकरणमा सहजीकरण गर्दै आइरहेको छ।

कार्यालयले बिउ उत्पादकलाई रामधान, सावित्री, हर्दिनाथ, सावा मन्सुली सव १, मकैको मनकामना ३, गहुँ, बोडीको मालेपाटन १, चौमासे सिमी, भटमासको खजुरे भटमास १, कोदोको सैलुङ्गे १, काभ्रे १ र ओख्ले जातका मुल बिउ उपलब्ध गराउँदै आएको छ। पर्वतमा जेठो बुढो धान, भक्तपुर लोकल काक्रो, मसुरो र तोरीको उन्नत बिउ उत्पादन भइरहेको छ।

म्याग्दीमा सिमी, केराउको उन्नत बिउ उत्पादन भइरहेको छ भने नवलपुरमा बोडी, रामधान, सावित्री, हर्दिनाथ ६ जातका खाद्यान्न तथा तरकारीको उन्नत बिउ उत्पादन गरिएको उनले बताए। तनहुँको भिमादमा डल्ले कोदो, घिरिङमा राम धान, सावित्री, हर्दिनाथ र सावा मन्सुली सव १ जातका खाद्यान्न बालीको उन्नत बीउ उत्पादन थालिएको छ।

गोरखामा सिमी र तोरी, बागलुङका तीन ठाउँमा मनकामना ३ जातको उन्नत मकैको बिउ उत्पादन थालिएको छ। लमजुङ, कास्की, मनाङ र मुस्ताङमा कार्यालयमार्फत् अहिले काम भइनसकेको उनले जानकारी दिए।

**हामी बोलेर मात्र होइन पुर्‍याएर छाड्छौं**

तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

**सुपर काइनेटिक कुरियर्स सर्भिस**

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

**आकर्षक डिजाइन तथा छपाई**

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्!

**आइडिया डिजाइनर्स/अफसेट प्रेस**

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क
(सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ **न्यू कुमकुम ज्वेलर्स**
बि.पि. चोक, बुटवल-४, रुपन्देही



विगत ५५ वर्षदेखि तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com